**निर्णय नं.१:** लेटाङ नगरपालिकाको आ.व २०७९/८० को वजेट, नीति तथा कार्यक्रम पेश गरियो।

**निर्णय नं.२:** लेटाङ नगरपालिकामा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न वनेको ऐन २०७६ लाई संशोधन गर्न वनेको विधेयक २०७९ स्वीकृत गरियो।

**निर्णय नं.३:** मदन भण्डारी राजमार्ग योजना कार्यालय दमकको २०७९/०३/०९ को पत्रअनुसार योजना निर्माणधीन ठेक्का नं MBHPD/3307011084/077/78-009 Desing And Build Of Morangi Khola Bridges Morang को River Training तथा Approach Road निर्माणका लागि आवश्यक नदीजन्य पदार्थ उपलब्ध गर्ने व्यवस्था मिलाई दिन लेखी आएको र स्थलगत रिपोर्टवाट नदीजन्य पदार्थ संकलन गर्नु पर्ने पुल निर्माणका क्रममा संकलीत सामाग्री नहटाउँदा हुनसक्ने सम्भावित विपद् तथा निर्माणाधीन पश्चिम तर्फको स्थानलाई बाढीबाट जोगाउन माग बमोजिमका मेसीनरी औजार प्रयोग गरी सामाग्री हटाई River Training/False Dam निर्माण तथा Approach Road मा प्रयोग गर्ने गरी निर्माण व्यवसायीसँग सम्झौता गरी अनुमति दिने।

बैठकको निर्णय / निर्णयः

| | | |
|---|---|---|
| १ | करार अवधि थप गर्ने/नगर्ने | नगर कार्यपालिकाको कार्यालयमा हाल करारमा कार्यरत कर्मचारीहरुको अधिकतम ३ महिना करार अवधि नवीकरण गर्ने र यो महिनाभित्र कार्यसम्पादन 3 मूल्याङ्कनको काम सम्पन्न गरी करार अवधि नवीकरण गर्ने नगर्ने बारे कार्यपालिकाले निर्णय गर्ने ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा तयार गरिएको करारमा कार्यरत कर्मचारीहरुको कार्सम्पादन मूल्याङ्कन सम्बन्धी मापदण्ड अनुसार आर्थिक बर्ष समाप्त भएको दिनभित्र कार्सम्पादन मूल्याङ्कन फारामभरी पेश 7 गर्न सबै कर्मचारीलाइ सूचना जारी गर्ने ।कार्यसम्पादन फाराम नभर्ने तथा मूल्याङ्कनमा प्रतिशत नम्बर प्राप्त 70 नगर्नेहरुको करार नवीकरण नगर्ने । |
| २ | नियन्त्रणमा आइसकेको कोभिड र संझौता सकिएको एनएलआरका कर्मचारी । | नगर कार्यपालिकाको कार्यालयमा विभिन्न कारणले डोर हाजिरमा/काम विशेषका करार कर्मचारीहरु सम्बन्धित काम समाप्त भएको हुँदा विदा गर्ने<br>क. कोभिड अस्पताल नै बन्द भइसकेको अवस्थामा कोभिड नियन्त्रण सहयोगी राखिरहन आवश्यक नभएको ।<br>खं. सामाजिक विकास मन्त्रालय/एनएलआर र नगरपालिकाबीच त्रिपक्षीय संझौता भइ कार्यान्वयनमा रहेको अपाङ्गता संरक्षण कार्यक्रममा सामाजिक विकास मन्त्रालय र एनएलआरले सिविआरएफको पारिश्रमिकका लागि सहभागिता नजनाएको र एनएलआरसंगको साझेदारी अवधि समाप्त भएको छ । नगरपालिकाभित्र प्रत्येक वडामा रहने आधारभूत स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रको संरचना तयार भइ जनशक्ति कार्यरत रहिरहेको अवस्थामा सिविआरएफको करार थप गर्नु नगरपालिकाको अतिरिक्त व्ययभार मात्र भएको हुँदा सिविआरएफको करार नवीकरण नगर्नेः-<br>ग. डोर हाजिरीमा रहेका कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक रहे/नरहेको वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयले मूल्याङ्कन गर्ने । |
| ३ | संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृति । | नगर कार्यपालिकाको कार्यालयले Governance Devlopment and Research Consultancy Pvt.Ltd मार्फत तयार भएको संगठन |

| | | |
|---|---|---|
| | | तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन संगठनको आवश्यकता र औचित्यको आधारमा विश्लेषण गरेको नपाइएकोले प्रतिवेदनका मुख्य मुख्य अंशहरुमा संशोधन सहित स्वीकृत गर्ने । |
| ४ | केहि ऐन संशोधन गर्ने विधेयक र लेटाङ नगरपालिकाको नगर खेलकूद विकास विधेयक २०७९ विनियोजन विधेयक २०७९ र आर्थिक विधेयक २०७९ लाइ स्वीकृत गर्ने । | लेटाङ नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४ लेटाङ नगरपालिका शैक्षिक व्यवस्थापन कार्यविधि २०७४ लाइ संशोधन गर्ने विधेयक र नगर खेलकूद विकास ऐन २०७४ विनियोजन विधेयक २०७९ र आर्थिक विधेयक २०७९पारित गरियो । |
| ५. | लागत सहभागिता सम्बन्धमा । | नगरपालिकाद्वारा विनियोजित वजेट तथा कार्यक्रमहरुमध्ये विद्यालय भवन र पुल निर्माणमा लागत सहभागिता जुट्न जुटाउन कठिन भै तोकिएको समयमा निर्माण सम्पन्न नहुने निर्माण भैहालेपनि गुणस्तर कायम गर्न नसकिने अवस्था रहन्छ । नगरभित्रका अधिकांश विद्यालयहरुको आन्तरिक आय नभएकोले लागत सहभागिता जुटाउन नसकिने समस्या रहेकोले यस्ता सार्वजनिक निर्माणमा लागत सहभागिता कायम नरहने । |
| ६ | शिक्षा विकास मा.वि.को घटनामा क्षति भएका मोटरसाइकल मर्मत गरिदिने । | शिक्षा विकास मा.वि.मा भएको घटनामा क्षति भएका ३ वटा मोटरसाइकललाइ प्रति मोटरसाइकल रु.३३ हजार मर्मत खर्च र पूर्णरुपमा क्षति भएको स्कूटरका धनीलाइ रु.१ लाख सहयोग चालुखर्चका कुनैपनि शीर्षकबाट उपलव्ध गराउने । |
| ७ | अमानतबाट राजस्व उठाउने विषय | नगरपालिकाबाट प्रकाशित गरिएको आन्तरिक आय दहत्तर बहत्तर ठेक्का स्वीकृत नहुञ्जेलसम्म नगरक्षेत्रबाट निकासी हुने गिटि बालुवा तथा ढुङ्गाको राजस्व अमानतबाट उठाउन ३ जना कर्मचारी आवश्यक पर्ने तर कार्यालयमा कर्मचारी अभाव भएका कारण माथवर व्यक्तिलाइ राजस्व संकलनको जिम्मा दिइ सम्बन्धित वडाका वडाध्यक्ष/नगरपालिका कार्यालय समेतबाट निरन्तर अनुगमन गर्ने । यसरी राजस्व संकलन गर्ने व्यक्तिलाइ अशुल राजस्वको १० प्रतिशत दिने । यो प्रावधान गत बर्ष संकलन गरी बुझाएका र कार्यालयबाट पारिश्रमिक उपलव्ध नगराएका व्यक्तिहरुका लागि समेत |

| | | |
|---|---|---|
| | | लागु हुनेछ । |
| ८ | नगर प्रहरी पदपूर्ती गर्ने । | नगरपालिकाको सम्पत्ति सार्वजनिक सम्पत्तिको सुरक्षा तथा नगरपालिकाबाट भएका निर्णय कार्यान्वयनका लागि समेत नगरको आफ्नै नगरप्रहरी आवश्यक भएकोले तत्काललाइ १-४ को पदसृङ्खलामा नगर प्रहरी पदपूर्ति प्रक्रिया अगाडि बढाउने । यस अघि दरखास्त आव्हान गरी फाराम भराइएकाहरुको दरखास्तवालाहरुलाइ पुनः दरखास्त फाराम भराउने गरी नयाँ प्रक्रिया प्रारम्भ गर्ने । |
| ९ | लेखा समिति/न्यायिक समितिलाइ पूर्णता दिने । | नगरपालिकाद्वारा सार्वजनिक कार्यका लागि गरिने खर्चहरुको लेखाजोखा गरी नगर कार्यपालिका र नगरसभालाइ समेत सुझाव दिने लेखा समितिलाइ निम्नानुसार पूर्णता दिनेः<br>१. श्री तेजप्रसाद तिम्सिना - संयोजक<br>२. श्री जंगवीर तामाङ्ग - सदस्य<br>३. श्री चम्पा थापा मगर - सदस्य<br>नेपालको संविधानको धारा २१७ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ अनुसार नगर उप प्रमुखको संयोजकत्वमा गठन गर्नुपर्ने न्यायिक समितिमा निम्न सदस्यहरुलाइ मनोनयन गर्नेः-<br>१. श्री मुना सार्की<br>२. श्री सुकमाया लिम्बु. |
| १० | वडा नं.७ मा सशस्त्र प्रहरी बलको युनिट स्थापना माँग गर्ने । | यस नगरपालिकाको वडा नं ७ सहित उत्तरी भेग सुरक्षा संयन्त्रको निगरानीमा रहन लामो दूरी पार गर्नुपर्ने र सडक अवस्था राम्रो नरहेको कारण तत्काल सुरक्षाकर्मी पुग्न कठिनाइ रहेको छ । यो क्षेत्रमा सुरक्षा व्यवस्था कायम गर्न वारङ्गीमा सशस्त्र प्रहरी वलको स्थापना गर्नु आवश्यक भएको छ । यसैगरी लामो समयदेखि कायमरहेको अस्थायी प्रहरी चौकी जाँतेलाइ स्थायी बनाइनु आवश्यक हुँदा गृह मन्त्रालयमा जिल्ला सुरक्षा समिति मार्फत अनुरोध गर्ने । |
| ११ | निर्णय अनुमोदन | आ.व.२०७८/०७९ को श्रावण १ देखि २०७९ असार मसान्त सम्मका नगर प्रमुख र कार्यपालिकाको योजना छनौट/परिवर्तन, वजेट विनियोजन र भेरियसन अर्डर |

| | | |
|---|---|---|
| | | समेतका निर्णयहरु लाइ अनुमोदन गरियो । |
| १२ | बेरुजु नियमित | आ.व.२०७७/०७८ को लेखा परीक्षण्बाट औल्याइएका बेरुजु प्रतिवेदन उपर छलफल भइ संलग्न अनुसूची बमोजिमको बेरुजु नियमित गर्ने । |
| १३ | रकमान्तरको अनुमोदन | कार्यपालिकाको निर्णयबाट विनियोजित वजेटको २५ प्रतिशतभन्दा बढि रकमान्तर भइ कार्यान्वयन गरेका योजनाहरु अनुमोदन गरियो । |
| १४ | गैरसरकारी संस्थाहरु संगको साझेदारी | साझेदारीका लागी कार्यक्रम पेश गरेका हर्डन सिडिपि ओरेक तथा अन्य गैरसरकारी संस्थाहरुको कार्यक्रम नगरपालिकाको नीति तथा कार्यक्रम अनुकूल रहे नरहेको अध्ययन गरी साझेदारी गरिने कोषलाइ नगरपालिकाको सञ्चित कोषमा दाखिला गरेपछि मात्र साझेदारी सम्झौता गर्ने । |
| १५ | संघ तथा प्रदेशमा पेश गरिने योजनाहरु | यस आर्थिक बर्ष तथा आगामी आर्थिक बर्षका लागि संघ तथा प्रदेश सरकार समक्ष पेश गरिने अनुसूची बमोजिमका योजना तथा कार्यक्रमहरु स्वीकृत गरियो । |
| १६ | संसदीय समिति गठन | नगरसभामा रहने संसदीय समितिहरु देहाय बमोजिम रहने गरी गठन गरिएको छ ।<br>क. अर्थ समितिः<br>१. नरेन्द्र पराजुली वडा नं.३<br>२. रंग राइ वडा नं. ४<br>३. निलम ज्यू ठकुरी वडा नं.२<br>४. गोपाल लाय मगर वडा नं.९<br>५. फूलमाया वि.क. वडा नं.१<br>ख. विधायन समिति<br>१. खेमराज ढकाल वडा नं.९<br>२. कृष्णकुमारी वि.क. वडा नं.४<br>३. रामबहादुर पौडेल वडा नं.५<br>४. पवित्रा वि.क. वडा नं.७<br>५. रामप्रसाद अधिकारी वडा नं.३<br>ग. सामाजिक समिति<br>१. चंचलाल मगर वडा नं.१<br>२. मिलमायाँ सार्की वडा नं.२<br>३ कमला राइ वडा नं. ९ |